क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः २६१, २०८२ फागुन १८ गते सोमबार (2 Mar., 2026) -मूल्यः रु. १०।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका

दैनिक

फरार कैदीवन्दीको खोजीमा सहयोग गरौं।

❖जेन-ज़ी आन्दोलनका क्रममा विभिन्न कारागारबाट फरार भएका कैदीवन्दीको खोजी कार्य भइरहेको छ।
❖फरार कैदीबन्दीको नामावली कारागार व्यवस्थापन विभागले वेवसाइटमा सार्वजनिक गरेको छ।
❖सरकारले फरार कैदीबन्दी खोजी तथा पक्राउ कार्यलाई अभियानकै रूपमा सञ्चालन गरेको छ।
❖फरार कैदीवन्दीको खोजतलास कार्यमा सहयोग पुऱ्याउनु सबै नागरिकको कर्तव्य हो।
❖सरकारले फरार भएका कैदीबन्दीबारे सूचना भए नजिकको सुरक्षा निकायमा उपलब्ध गराइदिन अनुरोध गरेको छ।

फरार कैदीवन्दीको खोजीमा सहयोग गरौं,
सरकारलाई शान्ति सुरक्षा कायम गर्न सघाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कञ्चनपुर निर्वाचन क्षेत्र नं. ३

# जसको परिकल्पनाले सुदूरपश्चिमले पायो देशकै पहिलो चिकित्सा विश्वविद्यालय

**– पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १७ फागुन**

२०७४ सालको संघीय निर्वाचनमा कञ्चनपुर-३ बाट नेकपा एमालेका उम्मेदवार डा. दीपक प्रकाश भट्टले तत्कालीन महाकाली अञ्चल अस्पताललाई शिक्षण अस्पतालका रूपमा विकास गर्ने महत्वाकांक्षी योजना अघि सारे । चुनावी प्रतिबद्धताअन्तर्गत उनले अस्पतालको भौतिक पूर्वाधार सुधार गर्दै विशेषज्ञ सेवा विस्तार गरी अध्ययन-अध्यापन सुरु गर्ने लक्ष्य सार्वजनिक गरेका थिए ।

नेपाली कांग्रेसका नेता रमेश लेखकलाई पराजित गर्दै संघीय संसदमा निर्वाचित भएपछि डा. भट्टको पहलमा महाकाली अस्पतालमा पूर्वाधार विस्तार, विशेषज्ञ चिकित्सक थप तथा सेवामा सुधार भयो । रेफर सेन्टरका रुपमा परिचित अस्पतालले कोल्टे फेर्‍यो, १ जना डाक्टर रहेको अस्पताले २४ जना डाक्टर पायो तर शिक्षण अस्पतालको योजना भने कार्यान्वयनमा आउन सकेन जो रातारात हुने बिषय थिएन । उनि भन्छन्, 'अस्पताललाई प्रतिबद्धता अनुरुप सुधार गर्दै शिक्षण अस्पताल बनाउने मृरो योजनाले छिट्टै मुर्तरुप पाउँदै छ ।'


२०७९ मा यस क्षेत्रबाट लडेका एमालेका उम्मेदवार पराजित भए तर डा. भट्टले आफ्नो प्रतिबद्धता बिर्सेका थिएनन् उनि सपना साकार पार्न निरन्तर खबरदारीमा लागि रहे जुन साकार हुने चरणमा पुगेको छ ।

आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा पुनः उम्मेदवार बनेका भट्टले यसपटक महाकाली अस्पताललाई देशकै पहिलो चिकित्सा विश्वविद्यालयको आंगिक क्याम्पसका रूपमा विकास गर्ने प्रतिबद्धता दोहोर्‍याएका छन् । कैलालीको गेटामा अस्पतालका लागि संरचना निर्माण भएपछि त्यसलाई मेडिकल कलेज वा प्रतिष्ठान कुन रूपमा अघि बढाउने भन्ने बहस सुरु भएको थियो ।

त्यही सन्दर्भमा तत्कालीन सांसद भट्टले देशकै दीर्घकालीन स्वास्थ्य सेवाको रूपान्तरणका लागि चिकित्सा विश्वविद्यालय आवश्यक रहेको अवधारणा अघि सारे । उनले सुदूरपश्चिमका सांसदहरूलाई एकमत गराउँदै तत्कालीन प्रधानमन्त्री शेर बहादुर देउवा समक्ष गेटामा चिकित्सा विश्वविद्यालय स्थापना गर्न माग गरे । नीतिगत प्रक्रिया सुस्त बनेपछि उनले संसदको शून्य समयमा डोटेली भाषामै देशकै पहिलो चिकित्सा विश्वविद्यालय गेटामै स्थापना गर्नुपर्ने माग राख्दै आवाज उठाए। उक्त अभिव्यक्ति व्यापक चर्चाको विषय बनेको थियो । त्यससँगै स्थानीय संघर्ष समिति, नागरिक समाज र सरोकारवाला निकायहरूसँग सहकार्य गर्दै सडक र सदन दुवैबाट दबाब सिर्जना गरियो ।

सरकारले सुरुमा गेटामा मेडिकल कलेज स्थापना गर्ने तयारी गरे पनि स्थानीयवासीले विश्वविद्यालयकै माग राख्दै आन्दोलन चर्काए ।






उनले सांसदको कार्यकाल सकिएपछि पनि चिकित्सा विश्वविद्यालय स्थापनाको अभियान रोकेन। २०८० साल असोज नौ गते पुर्व सांसदको रुपमा तत्कालिन संसदीय शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापतीलाई चिकित्सा विश्वविद्यालय स्थापनाका लागि माग गरे । निरन्तर दबाबपछि २०८० माघ २९ गतेको मन्त्रिपरिषद् बैठकले गेटामा स्वास्थ्य विज्ञानसम्बन्धी विशिष्टिकृत विश्वविद्यालय स्थापना गर्ने निर्णय गर्‍यो । त्यसैअनुसार कानुनी प्रक्रिया अघि बढ्दै कांग्रेस-एमाले गठबन्धन तथा केपी शर्मा ओली नेतृत्वको सरकारले 'शहीद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८१' पारित गरेपछि विश्वविद्यालय स्थापनाको बाटो औपचारिक रूपमा खुल्यो ।

यसै क्रममा स्थापना भएको शहीद दशरथचन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय देशकै पहिलो स्वास्थ्य विज्ञान विश्वविद्यालयका रूपमा सुदूरपश्चिममा स्थापीत भयो ।

चुनावी सरगर्मी बढेसँगै स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापनाका लागि डा. भट्टले गरेको नेतृत्वदायी भुमिकाको पनि चर्चा हुन थालेको छ ।

आईतबार महेन्द्रनगरको मदन चोकमा आयोजित कोण सभालाई सम्बोधन गर्दै डा. भट्टले भने, "देशभर तत्कालिन अवस्थामा १९ मेडिकल कलेज, आठ चिकित्सा विज्ञान प्रतिष्ठान र १५० भन्दा बढी नन-क्लिनिकल कोर्स पढाउने संस्थान सञ्चालन हुँदा सुदूरपश्चिम शून्य अवस्थामा थियो, त्यसैले सरकारसँग भीकमा मेडिकल कलेज होइन, देशकै पहिलो चिकित्सा विश्वविद्यालय चाहिन्छ भनेर संसदमा आवाज उठाएँ ।"

विगतको एजेण्डालाई स्मरण गर्दै उनले महाकाली अस्पताललाई मात्रै नभई देशभरका अस्पताललाई शिक्षण अस्पतालको रुपमा विकास गर्न स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थानपना गरिएको स्पष्ट पारे ।

उनले सुदूरपश्चिम प्रदेश सरकारमातहत रहेका सेती, महाकाली र टीकापुर अस्पताललाई केन्द्र सरकारमार्फत विश्वविद्यालयका आंगिक क्याम्पसका रूपमा विकास गर्न पहल गर्ने बताएका छन् ।

विश्वविद्यालयका पदाधिकारी नियुक्त भइसकेकाले अब आंगिक मेडिकल कलेज सञ्चालन गरी ब्याचलर अफ नर्सिङ, ब्याचलर अफ फार्मेसी, ब्याचलर इन फिजियोथेरापीजस्ता कार्यक्रम सुनिश्चित गरिनुपर्ने उनको भनाइ छ ।

गेटामा विश्वविद्यालय पूर्ण रूपमा सञ्चालनमा आए आफ्नै प्रदेशमै एमबीबीएससहितको चिकित्सा शिक्षा अध्ययन गर्ने सुदूरपश्चिमवासीको दीर्घकालीन सपना पूरा हुने विश्वास गरिएको छ ।

### अरू उम्मेदवारसंग छैनन् खासै योजना

एमालेबाट सुर्य चिन्ह सहित चुनावि मैदामनमा होमिएका डा. दिपकप्रकाश भट्टसंग कञ्चनपुर क्षेत्र नं. ३ संगै सुदूरपश्चिम प्रदेश एवं देशको विकासमा समेत टेवा पुग्ने खालका महत्वपुर्ण योजना छन् ।

यस अघि गरिएका बाचाका सबैकाम अघि बढेको बताउँछन् । 'मैले यस अघि निर्वचनमा उठाएका एजेण्डाका सबै काम अघि बढाएको छु, सांसद हुँदा होस् वा नहुँदा म यो क्षेत्रको विकासका लागि लडि रहे अझै लडि रहनेछु ।' डा. भट्टले भने, 'एयरपोर्टको काम विविध अड्चनका बिच अगाडी बढाउन सफल भएका छौ, सुख्खा बन्दरगाहको काम अघि बढेको छ, महाकाली पुल, महाकालि करिडोरका लागि निरन्तर खबरदारि पछि काम अगाडी बढेको छ, दैजि छेला औद्योगिक क्षेत्रको काम अगाडी बढाईनेछ ।र्ने सुदूरपश्चिमवासीको दीर्घकालीन सपना पूरा हुने विश्वास गरिएको छ, दोधाराको जोगबुढा नदिमा तटबन्धको काम अगाडि बढेको छ यसलाई अझै सश्क्त रुपमा अगाडी बढाईनेछ ।'

यस्तै दर्जन योजना रहेका भट्ट बुद्धीजिवी एवं भिजन भएका उम्मेदवार हुन् । उनिसंग प्रतिस्पर्धामा ७ जना उम्मेदवार रहेका छन् । 'मसंग निर्वाचन लडिरहेकाहरुसंग भिजनको तथा यस क्षेत्रको विकासको योजनाको हिसाबले हेर्दा प्रतिस्पर्धा छैन ।' डा. भट्टले भने, 'नेपाली काँग्रेसबाट रमेश लेखक लडेको भए भिजनका हिसाबमा केही हदसम्म प्रतिस्पर्धि मानिन्थे अरुसंग खासै योजना मैले देखेन ।'




महेन्द्रनगरमा सुपथ मुल्यमा स्वादिलो खाना र आरामदायी बसाईका लागि हामीलाई सम्झनुहोस् !

रारा होटल एण्ड लज, गल्ली नं. ४ फोन नं. ९८०९४९४७७४

# पुन:स्थापनाको पर्खाइमा शुक्लाफाँटा विस्थापित



**– पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १७ फागुन**

हरेक निर्वाचनमा राजनीतिक दलहरूको मुख्य एजेन्डा बन्ने शुक्लाफाँटा आरक्ष विस्थापितको पुन:स्थापनाको विषय दुई दशकभन्दा बढी समय बित्दा पनि कार्यान्वयन हुन सकेको छैन । स्थानीय तहदेखि सङ्घीय निर्वाचनसम्म नेताहरूले पुन:स्थापनाको प्रतिबद्धता जनाए पनि विस्थापितहरू अझै कञ्चनपुरका विभिन्न शिविरमा कष्टकर जीवन बिताउन बाध्य छन् ।

तत्कालीन शुक्लाफाँटा वन्यजन्तु आरक्ष (हालको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज) विस्तारका क्रममा २०५८ सालमा दुई हजार ४७३ परिवार विस्थापित भएका थिए। १५० वर्गकिलोमिटर क्षेत्रफल रहेको आरक्षलाई विस्तार गरी ३०५ वर्गकिलोमिटर पुर्‍याइएपछि उनीहरू बासस्थानविहीन बनेका हुन्। विस्थापनाको २४ वर्ष बितिसक्दा पनि अधिकांश परिवार जङ्गल छेउका अस्थायी शिविरमै बस्दै आएका छन् ।

ढक्का शिविरका वीरसिंह धामी भन्छन्, "चुनाव आउँदा नेताहरू पुन:स्थापना गर्छौं भनेर भोट माग्छन्, तर त्यसपछि हाम्रो सुनुवाइ हुँदैन।" उनी चारपटक मतदान गरिसकेको बताउँदै राज्यप्रति विश्वास घट्दै गएको गुनासो गर्छन्। अर्का पीडित रामलाल डगौंरा भन्छन्, "३३ वटा आयोग बने, तर हाम्रो समस्या समाधान भएन। हामीलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था चाहिएको छ ।"विस्थापितहरूका अनुसार पुन:स्थापनाका नाममा पटकपटक आयोग गठन भए पनि ठोस उपलब्धि हासिल हुन सकेको छैन। २०६४ सालदेखि उनीहरू जङ्गल छेउको खाली जग्गामा बस्दै आएका छन्। आधारभूत सेवा-सुविधाबाट वञ्चित उनीहरू जङ्गली जनावरको जोखिमसमेत भोगिरहेका छन्। रामदास चौधरी भन्छन्, "जङ्गली हात्तीले घर भत्काउँछ, फेरि झुपडी बनाउन पनि रोक लगाइन्छ। बिजुली, खानेपानी केही सुविधा छैन ।"

विस्थापित व्यवस्थापनका लागि विभिन्न चरणमा आयोग गठन गरिएका थिए। २०७१ सालमा पूर्वन्यायाधीश ठाकुरप्रसाद शर्माको अध्यक्षतामा गठित आयोगले 'क', 'ख' र 'ग' वर्गका गरी एक हजार ९८० भन्दा बढी परिवारको व्यवस्थापन गर्न सिफारिस गरेको थियो। पछिल्ला आयोगहरूले पनि वास्तविक विस्थापित पहिचान गरी जमिन वा नगद क्षतिपूर्ति दिन सुझाव दिएका छन् । २०८१ सालमा पूर्वन्यायाधीश जयानन्द पनेरुको अध्यक्षतामा गठित ३३औं आयोगले दुई हजार २७ परिवारको व्यवस्थापन गर्न सिफारिस गरेको छ । सिफारिस कार्यान्वयन नहुँदा विस्थापितहरू अझै जिल्लाका १७ शिविरमा बसोबास गरिरहेका छन्। चुनावी प्रतिबद्धता व्यवहारमा नउत्रिँदा उनीहरू आफूहरूलाई 'भोट बैंक' का रूपमा मात्र प्रयोग गरिएको महसुस गरिरहेका छन्।

# वनहरा शिविरका भूमिहीन भन्छन्: 'सुरक्षित आवास सुनिश्चित हुनुपर्छ'

**– पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १७ फागुन**

प्रतिनिधिसभा सदस्य निर्वाचन आउन चार दिन बाँकी रहँदा कञ्चनपुरको वनहरा शिविरमा बसोबास गर्ने भूमिहीन सुकुम्बासी परिवारले हरेक चुनावमा आश्वासन मात्रै पाउने तर कार्यान्वयन नहुने गुनासो गरेका छन् । उनीहरूले यसपटक जग्गाको स्वामित्वसहित सुरक्षित र व्यवस्थित आवास सुनिश्चित गर्न उम्मेदवारसँग स्पष्ट प्रतिबद्धता माग गरेका छन् ।



तीन दशकभन्दा बढी समयदेखि पूर्व-पश्चिम राजमार्गसँगै सामुदायिक वन क्षेत्र नजिक अस्थायी टहरामा बस्दै आएका २८ परिवार अझै कानुनी स्वामित्वबिनै त्रिपाल र पातले छोपिएका झोपडीमा जीवन बिताइरहेका छन् । शिविरवासीका अनुसार हरेक निर्वाचनमा विभिन्न दल र स्वतन्त्र उम्मेदवारले लालपुर्जा दिलाउने, सुरक्षित बसोबास गराउने र आवास योजना ल्याउने आश्वासन दिए पनि निर्वाचनपछि ती वाचा कागजमै सीमित हुने गरेका छन् ।

"हामीलाई वर्षौंदेखि भोटबैंकका रूपमा प्रयोग गरिँदै आएको छ," मानध्वज लुहारले भने, "तर समस्या समाधान गर्न कोही फर्केर आउँदैनन् ।"

राजमार्ग छेउ र नदी किनारमा बसोबास गर्दा सवारी दुर्घटना, बाढी तथा जङ्गली जनावरको आक्रमणको जोखिम उच्च रहेको कलावती दमाईंले बताइन्। "राति बाहिर निस्कन डर लाग्छ, हात्ती वा बाघ आए भाग्ने ठाउँ छैन," उनले भनिन् ।

बस्ती अव्यवस्थित हुँदा सामान्य वर्षामा समेत घरभित्र पानी पसेर बस्नै नसकिने अवस्था रहेको माघी रावतले बताए । गर्मीमा त्रिपालको झोपडी असह्य हुने भएकाले केही परिवार पुलमुनि सुत्न बाध्य हुने गरेका छन् । अधिकांश परिवार दैनिक ज्यालादारीमा निर्भर छन् भने युवाहरू भारतमा श्रम गर्न गएका छन्। स्थायी आम्दानी नहुँदा बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणमा असर परेको उनीहरूको भनाइ छ ।

भूमि समस्या समाधान आयोगमार्फत निवेदन दिएर निस्सा प्राप्त गरे पनि जग्गा प्राप्ति र बसोबासको टुंगो नलागेको शिविरवासीले बताएका छन् । "निस्सा हातमा छ, तर बस्ने जमिन छैन," रञ्जित रावतले भने, "अब आश्वासन होइन, समयसीमासहितको कार्ययोजना चाहियो ।"

शिविरका अगुवा दलबहादुर बोहाराले भावनात्मक भाषणभन्दा लिखित प्रतिबद्धता र कार्यतालिका आवश्यक रहेको बताए। "हामीलाई दान होइन, अधिकार चाहिएको हो। जग्गाको कागज र सुरक्षित घर चाहियो," उनले भने ।

बालबालिकाले स्थायी ठेगाना नहुँदा विद्यालय भर्ना र छात्रवृत्तिमा समस्या भोगिरहेको स्थानीयको गुनासो छ। आधारभूत स्वास्थ्य चौकी टाढा भएकाले आकस्मिक अवस्थामा उपचार पाउन कठिनाइ हुने गरेको छ। बाढीपहिरोबाट विस्थापित परिवार थपिँदै जाँदा समस्या झन् जटिल बनेको छ।

राष्ट्रिय भूमि अधिकार मञ्च सुदूरपश्चिम प्रदेशका महासचिव रामबहादुर चुनाराले वास्तविक भूमिहीन पहिचान, सुरक्षित स्थानमा पुन:स्थापना र आधारभूत पूर्वाधारसहितको आवास निर्माण सँगसँगै जीविकोपार्जन कार्यक्रम अघि बढाउनुपर्नेमा जोड दिए । उनका अनुसार भूमिहीन परिवारले आवेदन दिए पनि सुनुवाइ हुन सकेको छैन ।

निर्वाचनको पूर्वसन्ध्यामा वनहरा शिविरका बासिन्दाले यसपटक आफ्ना मागलाई चुनावी एजेण्डाको केन्द्रमा ल्याएका छन्। "हरेक चुनावमा फोटो खिचिन्छ, नाम टिपिन्छ, तर जीवन उस्तै छ," प्रकाश साउदले भने, "घरजग्गा र रोजगारी सुनिश्चित गर्ने स्पष्ट प्रतिबद्धता जनाउने उम्मेदवारलाई मात्र मत दिन्छौं।"








## 'सिचाइमा सुधार, कृषि र समृद्धिको आधार'

कृषिको आधार : सिंचाइमा सुधार । सिंचाइ गरौं : उत्पादन बढाऔं । सिंचाइ क्षेत्रको विस्तार : उत्पादन वृद्धिको आधार । सिंचाइ प्रणालीहरुको निर्माण, मर्मत सम्भार एवं व्यवस्थापनमा सक्रिय जनसहभागिता गरौं । व्यवसायिक कृषिको प्रमुख आधार बाह्रै महिना सिंचाए सुविधा पुग्ने गरी सिंचाइ पूर्वाधारहरुको विकास र विस्तार ।

सिंचाइ तथा नदी व्यवस्थापन योजना, पाटन, बैतडी

## छानको बालुवा र गिट्टी चाहिएमा ।



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस् ।

हाम्रा उत्पादनहरु
बेस 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural

सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग
वेदकोट-५, सुन्दरपुर, कञ्चनपुर
सम्पर्क नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

# बाजुराको बिच्छ्याँमा 'नो भोट, नो टावर' अभियानः सञ्चारको मागमा स्थानीय एकजुट



– पश्चिम नेपाल संवाददाता
बाजुरा, १७ फागुन

बाजुरा जिल्लाको सर्वाधिक विकट क्षेत्र बिच्छ्याँका बासिन्दाले फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनअघि उम्मेदवारसँग सडक र फोन टावर निर्माणको माग गरेका छन्। गाउँमा चुनावी प्रचारका लागि आउने उम्मेदवार र राजनीतिक दलसँग उनीहरू एकमत भएर प्रत्येक वडामा सडक र फोन टावर निर्माण गर्न आग्रह गरिरहेका छन् ।

हिमाली गाउँपालिका-१, २ र ३ (साविक बिच्छ्याँ गाविस) अहिलेसम्म सडक सञ्जालमा जोडिन सकेका छैनन्। बिच्छ्याँको नेटामा फोन टावर रहे पनि टाढाका गाउँहरू अझै टेलिफोन सेवाबाट वञ्चित छन् । विगतदेखि नै सडक र सञ्चार टावरको माग उठाउँदै आए पनि दलहरूले पूरा नगरेको स्थानीयको गुनासो छ ।

हिमाली गाउँपालिका-३ बौडीका ध्यानबहादुर रोकायाका अनुसार यसपटक पनि मुख्य माग सडक र फोन टावर नै रहेको छ ।

बिच्छ्याँले बाजुराको कुल भूगोलको करिब ३५ प्रतिशत क्षेत्र ओगटेको छ। एउटा गाउँबाट अर्को गाउँ पुग्न एक दिनभन्दा बढी समय लाग्ने अवस्था छ। हुम्ला सीमासम्म अस्थायी सडक सञ्चालन भए पनि बिच्छ्याँका कुनै पनि वडामा सडकको पहुँच पुगेको छैन । स्थानीय साजन बुडथापाले भने, "हाम्रो मुख्य माग सडक हो। सडक नहुँदा धेरै दुःख पाइरहेका छौं ।" हिमाली गाउँपालिका-३ को गुम्बा गाउँ अझै टेलिफोन सेवाबाट वञ्चित छ । स्थानीयले 'नो भोट, नो टावर' अभियान नै अघि सारेका छन्। जगत लामाले भने, "हाम्रो गाउँमा टावर छैन। टावर नबने भोट पनि नदिने भन्ने सहमति भएको छ। सबै उम्मेदवार सँग फोन टावरको विषयमा कुरा राखेका छौं । सडक तत्काल सम्भव नदेखिए पनि कम्तीमा टावर निर्माण गरिदिन आग्रह गरेका छौं ।" हिमाली गाउँपालिका-१ मा ६७१, वडा-२ मा ६५७ र वडा-३ मा ५५१ मतदाता छन् । वडा-१ र ३ मा दुई-दुई मतदान केन्द्र तथा वडा-२ मा एक मतदान केन्द्र कायम गरिएको छ । गुम्बा गाउँबाहेक अन्य ठाउँमा भने विद्युत सेवा पुगेको छ। एक वर्षअघि कादुरी एग्रिकल्चरल एण्ड एसोसिएसन ब्रिटिस गोर्खाज् नेपालले करिब १४ करोड रुपैयाँ लगानीमा बिच्छ्याँमा विद्युत विस्तार गरेको थियो । साविक बिच्छ्याँ गाविस सडक, शिक्षा, स्वास्थ्य र सञ्चार पूर्वाधारबाट अझै वञ्चित छ । वडा-३ का अध्यक्ष मंगलबहादुर बुढाले भने, "यातायात सुविधा भएको भए धेरै बिरामीले समयमै उपचार पाउँथे। बाटोमै ज्यान जाने समस्या अन्त्य हुन्थ्यो ।"



Wi-Fi Nepal
नयाँ वर्षमा १५० Mbps इन्टरनेट
Khalti बाट Payment गर्दा सितैमा हेल्मेट
१५० Mbps
१२ महिनाको मात्र रू. १०,६८०
बिना कुनै थप शुल्क (VAT सहित)
सितैमा
साथमा पाउनुहोस् KPI HELMETS MADE IN NEPAL
हेल्मेट नलिने ग्राहकलाई ३ महिना बोनस

रमाईलो® तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

## निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा।

❖मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
❖तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
❖मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं।
❖महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
❖निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं।
❖आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।
❖कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं।

निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौं र गराऔं।

भीमदत्त नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कञ्चनपुर

## लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समुहको साथमा विशेषज्ञ सेवा

लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ केयर क्लिनिक खुलेको जानकारी गराउँदछौं ।

डा. केशव भट्ट
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. शक्ति नृसिंह यादव
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ

डा. प्रशान्त भट्ट
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ

डा. शोमनाथ भण्डारी
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रसुति रोग विशेषज्ञ

डा. निर्मल अमर सिंह थापा
MBBS, MS (General Surgeon)
शल्यचिकित्सक, हर्निया, बवासिर, पेट रोग विशेषज्ञ

लाईफ केयर क्लिनिक
099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath

## आनंद हॉस्पिटल एवं रिसर्च सेन्टर-खटीमा
पुराना सरकारी हॉस्पिटल) के सामने सितारगंज रोड खटीमा-उत्तराखण्ड


स्त्री रोग से संबंधित सभी समस्याओं का उपचार
- स्त्री रोग से जुड़ी सर्जरी
- हाई-रिस्क प्रेग्नेंसी की देखभाल
- सी-सेक्शन (ऑपरेशन द्वारा डिलीवरी)
- बिना दर्द की डिलीवरी
- मासिक धर्म संबंधी समस्याएँ
- 24x7 इमरजेंसी डिलीवरी सेवाएँ
- परिवार नियोजन संबंधी परामर्श
- यौन स्वास्थ्य संबंधी परामर्श
- नियमित स्त्री रोग जांच

अनुभवी स्त्री रोग विशेषज्ञ
एनआईसीयू (NICU) सुविधा उपलब्ध
24x7 एम्बुलेंस सेवा

सभी राज्यो के आयुष्मान, टी पी ए, ई एस आई कार्ड धारकों हेतु महिलाओं और बच्चों के सभी तरह के ऑपरेशन, इलाज और भर्ती होने की सुविधा निःशुल्क (फ्री) उपलब्ध है।

नोट-हमारे यहाँ बिना किसी चीड़फाड़ के दूरबीन विधि द्वारा बच्चेदानी के ऑपरेशन भी किये जाते है।
अपॉइंटमेंट हेतु संपर्क करें: Mob No.: 96755 33333 ,94103 40585

## विशेषज्ञ डाक्टरहरु सौजन्य मेडिकलमा

डा. रवि स्वार
M.B.B.S., M.S., (E.N.T.)
बरिष्ठ नाक, कान, घाटी रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो शनिबार

डा. सुमित पाण्डेय
M.D. डर्मा, बरिष्ठ छाला, यौन तथा सौन्दर्य विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज
प्रत्येक महिनाको पहिलो शनिबार

डा. मोहन बेलबासे
M.D. साइकेट्रिक, बरिष्ठ मानसिक नशारोग विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल
प्रत्येक महिनाको दोस्रो शनिबार

डा. निराजन दत्त शर्मा
M.D.-1020 NMC
पेट छाति तथा मुटु रोग विशेषज्ञ, पुर्व कार्यरत ग्राण्डी ईन्टरनेशनल हस्पिटल काठमाण्डौ
प्रत्येक महिनाको अन्तिम शनिबार

डा. धर्मनाथ यादव
M.D. (कार्डियोलोजी) इन्टरभेसनल कार्डियोलोजी (मेदान्त अस्पताल), वरिष्ठ मुटुरोग विशेषज्ञ शहीद गंगालाल हृदयरोग केन्द्र, काठमाडौं
हरेक महिना तेस्रो शुक्रबार र शनिबार

सुविधाहरुः TMT अल्ट्रासाउन्ड, इको कार्डियोग्राफी, डिजिटल, ई.सी.जी., एक्स-रे, कानको सुनाई परीक्षण, घाँटीको इन्डोस्कोपी छालाको जाँच, ल्याब सुविधातथा औषधीहरु आदि।

सम्पर्क स्थानः सौजन्य मेडिकल तथा क्लिनिक
गल्ली नं. ३ (पुरानो पाटनी मेडिकल), महेन्द्रनगर, कञ्चनपुर, फोनः ०९९-५२२६६६, ५२३४३५


Anand Hospital & RESEARCH CENTRE


# आनन्द हॉस्पिटल

एण्ड रिसर्च सेन्टर-खटीमा

पुराने सरकारी हॉस्पिटल के सामने सितारगंज रोड खटीमा

अपॉइंटमेंट हेतु संपर्क करें: Mob No.: 96755 33333 ,94103 40585





## उन्नत न्यूरोलॉजी सेवाओं की नई शुरुआत

अब आनन्द हॉस्पिटल खटीमा में ही उपलब्ध

OPD समय — प्रत्येक शुक्रवार | सुबह 11:00 बजे से दोपहर 2:00 बजे तक

ब्रेन, नसों एवं रीढ़ की बीमारियों का अत्याधुनिक और विश्वसनीय इलाज अनुभवी विशेषज्ञ की देख-रेख में।

हमारी विशेषताएँ

- सटीक जाँच एवं आधुनिक उपचार
- अंतरराष्ट्रीय मानकों के अनुसार चिकित्सा सेवाएँ
- रोगी-केंद्रित, सुरक्षित और संवेदनशील देखभाल
- बड़े शहरों जैसी सुविधाएँ अब आपके अपने शहर में



**DR. NIRANJAN PRAKASH MAHAJAN**

MBBS (GMC, Miraj) MD Medicine (Dr. VMGMC, Solapur)
DM Neurology (NIMHANS, Bangalore), DrNB Neurology Post-Doctoral Fellowship in Neuromuscular Disorders (NIMHANS, Bangalore)
Fellowship of National Board in Neurovascular Intervention (Narayana Health City, Bangalore)

विशेष सहयोग - कृष्ण हॉस्पिटल एंड रिसर्च सेंटर, गली न-1, डॉक्टर कॉलोनी, रुद्रपुर

खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

# डा. अर्जुन भट्ट

(MBBS, MD GP) NMC No. 11978

*महाकाली अस्पतालका कन्सल्टेन्ट फेमली फिजिसियन* (पेट छाति, मुटु दम, हाडजोर्नी, नसा मृगौला तथा थाईराईड रोग विशेषज्ञद्वारा नियमित चेकजाँच गराईनुका साथै हाइड्रोसिल हर्निया, एपेन्डिक्स, पाईल्स सम्बन्धि उपचार तथा विभिन्न प्रकारका भेक्सिन (निमोनिया, टिटनस, रेविज, हेपटाईटिस बी आदि) को सुविधा प्रदान गरिन्छ । **विशेषः जेष्ठ नागरिक (७० वर्ष भन्दा माथि) लाई परामर्श शुल्कमा ३३% छुटको सुविधा छ । डा. आउने समय : प्रत्येक दिन बिहान : ७ बजेदेखि ९:३० बजेसम्म र बेलुका: ३ बजेदेखि ८ बजेसम्म**

## स्थान: सौभाग्य मेडिको

अस्पताल गेट महेन्द्रनगर, फोन ९८४८७२०२५८, ९८४८७२५११४

EMERGENCY 24 HOUR SERVICE

# आनन्द हस्पिटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

ANAND HOSPITAL & RESEARCH CENTRE

**चौबिसै घण्टा इमरजेन्सी सुविधा**



## डा. भावेश

M.B.B.S.,M.D.(Medicine) Physician
Fellowship in Echocardiology
Fellowship in Diabetes &
Endrocrinologyu, (जनरल मेडिसिन)

**हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ**

***मुटु रोगको सम्पूर्ण सफल उपचार***

**उपचार हुने रोग वा समस्याहरू** : सुगर, ब्लड प्रेसर, थकाइ लाग्नु, शरिर फुस्रो हुनु, धेरै चिसो लाग्नु, कपाल झर्नु, महिनाबारी गडबडी हुनु, थाइराइड, मुर्छा पर्नु, नसा झमझाउनु, शरिर पहेलो हुनु, कब्जीयत, पेट सफा नहुनु, पेट पोल्नु, खुनेको उल्टी हुनु, कालो दिसा हुनु, भोक र निद्रा नलाग्नु, चिडचिडापन हुनु बेहोसा हुनु, धेरै कुरा सोचिरहनु शास फुल्नु, मुटुको धडकन् बढ्नु चक्कर आउनु, धेरै तिर्खा लाग्नु मुटुरोग सम्बन्धी सम्पूर्ण रोगको उपचार र कुनै पनि विषालु सर्प र किराले टोकेको उपचार

***प्रत्येक दिन***

## डा. योगेश नागेंदर

MBBS, MD,DM
(Cardiology)

(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(एंजियोप्लास्टी, एंजियोग्राफी र पेजमेकर बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो तीन बिहीबार दिउँसो २ बजेदेखि ४ बजे सम्म)

## Dr. Naresh Kumar

MBBS,MD pediatrics (KGMU, Lucknow)

***नवजात शिशु तथा बालबालिकाको सम्पूर्ण रोगको उपचार हुने***

## डा. कुलदिप सिंह खडायत

MBBS, DNS (Surgery) (जनरल सर्जन)

**शरीरमा आउने गाठागुठीको उपचार**

**उपचार हुने रोग वा समस्याहरू** : पित्तथैलीको कार्ल्पलाडरको पथरी, बच्चादानीको जाँच, हर्निया, एपेन्डिस, पाइल्स, भगन्दर, बाबासीर, हाइड्रोसिल, स्तनमा आएको गाठागुठीको सफल उपचार शरीरमा आउने अन्य गाठागुठीको सफल उपचार एवं अप्रेसन सुविधा र उपचारको व्यवस्था भएको ।

***प्रत्येक दिन***

## डा. हिना प्रकाश (स्त्री तथा प्रसुती रोग बिशेषज्ञ)

महिलाको पाठेघर लगायत महिला सम्बन्धी सम्पुर्ण रोगको उपचार, बच्चेदानीको दूरबीन विधिबाट अपरेशन, महिलाको पिशाब नरुक्ने तथा महिलाको कृत्रिम योनि बनाउने, उच्च कोटिको उपचार

***प्रत्येक दिन***

## नवजात शिशु एवं बालरोग सम्बन्धी उपचार

**उपचार हुने समस्याहरू :**

नवजात शिशु, बालरोग सेवा, दम रोग, पोलियो, जन्मजात अपाङ्गता, पेचिस टिबी, टाउकोको दुखाई बेबी केयर, कुपोषण, डायरिया, पिलिया, बच्चाको खोप

**डाक्टर भेटिने समय:**

***प्रत्येक दिन***

■ **आर एम एल अस्पताल नयाँ दिल्लीका वरिष्ठ डीएम न्यूरोलोजिस्ट डाक्टर अब मात्र आनन्द हस्पिटल एंड रिसर्च सेंटर खटीमामा।**

***डाक्टर भेटिने : प्रत्येक १५ दिनमा एक पटक शनिवारका दिन उपलब्ध हुने।***

## डॉ. शौकत नज़ीर वानी

MBBS, MD Medicine,
DM Neurology (RML Hospital, New Delhi),
ECFMG (United States) Certified.

***लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रुपैया पनि स्वीकार गरिन्छ ।***

***सुविधाहरू:*** ■एकदमै कम पैसाबाट दूरबीन विधिबाट सबै अपरेशनको सुविधा ।
■ नवजात शिशु एवं बाल रोग विशेषज्ञ डाक्टर नरेश कुमार भेटिने एक मात्र स्थान ।
अन्य सुविधाहरु I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर,बाईपेप,सी.पेप,भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि।

***आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र*** *Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।*

**सम्पर्क स्थान: आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५**

मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट ..बस्नेत**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः**नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७